# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३भक्तपुर, पौष ३गते, २०७६ साल संख्या९


भाग१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको पाँचौनगर सभा २०७६ बाट पारित भएको तल लेखिएबमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

सम्वत् २०७६ सालको निर्देशिका

## भक्तपुर नगरपालिका, विपद् व्यवस्थापनकोष परिचालननिर्देशिका २०७६

**प्रस्तावना :**

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ्ग, सडक दुर्घटना जस्ता जोखिमले धनजनको क्षतिगरिरहेको अवस्थामाभक्तपुर नगरपालिकाभित्रआइपर्ने विपद् व्यवस्थापनको लागिप्राप्तकोष परिचालनगर्न वाञ्छनीय भएकोले, भक्तपुर नगरपालिकाको पाँचौ नगरसभाले भक्तपुर नगरपालिका, विपद् व्यवस्थापनकोष परिचालननिर्देशिका २०७६ पारित गरी लागू गरेको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ :**

१.१. यो निर्देशिकाको नाम 'भक्तपुर नगरपालिका, विपद् व्यवस्थापनकोष परिचालननिर्देशिका २०७६' रहनेछ ।

१.२. यो निर्देशिका तुरुन्तलागू हुनेछ ।

**२. परिभाषा :**

२.१. ''जिल्लाप्रशासन'' भन्नालेनेपाल सरकार, जिल्लाप्रशासनकार्यालय, भक्तपुरलाई सम्झनुपर्छ ।

२.२. ''नगरपालिका'' भन्नालेभक्तपुर नगरपालिकालाई सम्झनुपर्छ ।

२.३. ''प्रमुख'' भन्नाले भक्तपुर नगरपालिकाकाप्रमुखलाई सम्झनु पर्छ ।

२.४. ''उपप्रमुख'' भन्नाले भक्तपुर नगरपालिकाकाउपप्रमुखलाई सम्झनु पर्छ ।

२.५. ''स्थानीयविपद् व्यवस्थापन समिति'' भन्नाले प्रचलितकानूनअनुसार भक्तपुर नगरपालिकामा गठन भएको नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

२.६. ''निर्देशिका'' भन्नाले नगरपालिकाविपद् व्यवस्थापन समितिव्यवस्थापनको लागि स्थापनागरिएको कोषलाई व्यवस्थितगर्न बनाइएको "भक्तपुर नगरपालिकाविपद् व्यवस्थापनकोष परिचालननिर्देशका २०७६" सम्झनु पर्छ ।

२.७. ''विपद्'' भन्नाले प्राकृतिकएवं मानवीयकारणले आइपर्ने भूकम्प, बाढी, पहिरो, चट्याङ्ग, सुख्खा, आगलागी, हावाहुरी, महामारी जस्ता प्रकोपलाई जनाउनेछ ।

२.८. ''विपद् व्यवस्थापन'' भन्नाले विपद्का घटना भएपछि विपद्बाट प्रभावितव्यक्ति, परिवार, सदस्यलाई तत्कालगरिने उद्धार, उपचार, पुनःस्थापना, राहत सामग्रीवितरण समेतकाक्रियाकलापलाई जनाउनेछ ।

२.९. ''कोष'' भन्नाले यस निर्देशिकाको बुंदा नं. ३ बमोजिमको कोषलाई जनाउने छ ।

२.१०. ''पूर्ण क्षति'' भन्नाले विभिन्नप्राकृतिकएवं मानवीयप्रकोपमाविपद् व्यवस्थापन समितिले समय समयमा पूर्ण क्षतिभनीतोके बमोजिमको अवस्थालाई जनाउनेछ ।

**३. विपद् व्यवस्थापनकोष र कोष वृद्धि सम्बन्धीव्यवस्था :**

३.१. विपद् प्रभावितव्यक्ति, परिवार, समुदायको लागितत्कालविपद् व्यवस्थापन उद्धार र सहयोग गर्न बैंकमाखाताखोली एक विपद् व्यवस्थापनकोष स्थापनागरिनेछ ।

३.२. कोषको खाता स्थानीयविपदव्यवस्थापन समितिको संयोजक एक र प्रमुखप्रशासकीयअधिकृत वा लेखाशाखाप्रमुखमध्ये एक गरी जम्मादुई जनाको दस्तखतमा हुनेछ ।

३.३. विपद् व्यवस्थापनकोषमा देहायबमोजिमको रकमजम्मागरिनेछ ।

क) नेपाल सरकारबाट विपदजोखिम सहयोग वापतप्राप्तहुने रकम,

ख) प्रदेश सरकारबाट विपदजोखिम सहयोग वापतप्राप्तहुने रकम,

ग) नगरपालिकाबाट विपदजोखिम सहयोग वापतविनियोजित रकम,

घ) विभिन्नव्यक्ति, संघ संस्थाबाट विपदजोखिम सहयोग वापतप्राप्तहुने रकम,

ङ) समुदायले संकलन गरेको रकम ।

**४. विपद् व्यवस्थापनकोषको प्रयोग र खर्च :**

४.१.कोषको रकमविपद् व्यवस्थापनप्रयोजनकालागिमात्रप्रयोग गरिनेछ ।

४.२. समितिको निर्णय वाअनुमोदनविनाकोषको रकमखर्च गर्न पाइने छैन ।

४.३. खर्चहरुको बिलभर्पाई ठीक दुरुस्त राख्नु पर्नेछ र नगर कार्यपालिकाको बैठकमा अनुमोदनगर्नुपर्नेछ । खर्चेको जानकारी जिल्लाप्रशासनकार्यालयलाई पठाउन सकिनेछ ।

**५. विपद् व्यवस्थापन र राहत :**

५.१. कोषबाट खर्च गरिने गरी राहतवितरण तथाविपद् व्यवस्थापन योजना देहायबामेजिमप्रदानगरिनेछ ।

क) पूर्ण क्षतिभएको अवस्थामानगरपालिकाले तोकेको राहतप्याकेज अनुसार राहतदिइनेछ ।

आज्ञाले

(दिपककोइराला)

प्रमुखप्रशासकीयअधिकृत

प्रमाणिकरण मिति : २०७६।३।२४गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८